मिति: २०८०/०८/२० , बैठक संख्या - ०६

आज मिति २०८०/०८/२० गते बुधबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८०/०८१ को छैटौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ..........

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ..........

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ..........

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ..........

६. वडा अध्यक्ष : श्री धनपति गिरी ..........

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ..........

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ..........

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ..........

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ..........

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ..........

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ..........

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई..........

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ..........

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा..........

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ..........

१७. आमन्त्रित प्रशासकीय अधिकृत श्री प्रकाश अधिकारी ..........

१८. आमन्त्रित लेखा अधिकृत श्री ईश्वरी प्रसाद पाण्डे ..........

१९. कम्प्युटर अपरेटर श्री लक्ष्मी चुहान..........

२०. कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी..........

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८०/०८/२० , बैठक संख्या - ०६

**प्रस्तावहरू:-**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा ।
२. सडक मर्मतका लागि सडक छनौट सम्बन्धमा ।
३. IEE प्रतिवेदन स्वीकृति सम्बन्धमा ।
४. प्रारम्भिक लेखापरिक्षण प्रतिवेदनको सुझाब कार्यान्वयन सम्बन्धमा ।
५. स्थानीय विदा सम्बन्धमा ।
६. विविध विषयसँग सम्बन्धित कार्यविधि पास गर्ने सम्बन्धमा ।
७. विविध ।

क. युवा स्वरोजगार विकास/युवा लक्षित कार्यक्रम (कृषि) सञ्चालन सम्बन्धमा ।
ख. ५०% लागत साझेदारीमा मागमा आधारित कार्यक्रम सञ्चालन सम्बन्धमा ।
ग. जय भवानी मा.वि.को पुराणमा आर्थिक सहयोग सम्बन्धमा ।
घ. उपभोक्ता समिति नविकरणका लागि आवश्यक निर्देशन तथा सहजीकरण सम्बन्धमा ।
ङ. आगेजुङ गुम्बा जाने मोटरबाटो सरसफाई सम्बन्धमा ।
च. अमरपुर-पञ्चमी मोटरबाटो सरसफाई सम्बन्धमा ।
छ. कावेली करिडोर मोटरबाटो सरसफाई सम्बन्धमा ।
ज. सुम्लिबुङ देखि गाउँसरा जाने मोटरबाटो सरसफाई सम्बन्धमा ।
झ. सल्लेरी मादिबुङ कोलबोटे मोटरबाटो र साम्याङ च्युरीबोटे जाने मोटरबाटो सरसफाई सम्बन्धमा ।
ञ. सेरचेप्पा सालघारी सामाङ्घा जाने मोटरबाटो सरसफाई सम्बन्धमा ।
ट. ५ नं. वडा कार्यालय, सुभाङको उद्घाटन, संविधान दिवस तथा १ नं. वडा कार्यालयको उद्घाटन कार्यक्रमको अपुग रकम सम्बन्धमा ।
ठ. युवा स्वरोजगार विकास/युवा लक्षित कार्यक्रम (कृषि) संचालन सम्बन्धमा ।
ड. स्थानीय पत्रपत्रिका सूचना छपाई तथा एफ.एम. रेडियो/सूचना सन्देश प्रशारण कार्यक्रम रकम विनियोजन सम्बन्धमा ।
ढ. पाँचथर फुटबल क्लबलाई आर्थिक सहयोग सम्बन्धमा ।

मिति: २०८०/०८/२० , बैठक संख्या - ०६

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यापालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृत द्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

**निर्णय नं. – २**

सडक बोर्ड नेपाल, मिनभवन काठमाडौंको पत्रानुसार यस आर्थिक वर्षमा स्थानीय सडक मर्मत संभार कार्यको लागि सडक बोर्ड नेपालद्वारा यस पालिकामा रु. १७,००,०००/- (अक्षरेपी सत्र लाख रुपैया) स्वीकृत गरी पठाइएको छ । स्वीकृत बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन सडक बोर्ड नियमावली, २०६० को परिच्छेद ३ नियम ९ तथा सडक मर्मत संभार कार्यक्रम कार्यान्वयन मार्गदर्शन बमोजिम व्यहोर्नु पर्ने २०% समपूरक रकम सङ्घीय समपूरक कोष शिर्षकबाट खर्च हुने गरी देहाय बमोजिमको सडकहरूलाई मर्मत संभारको लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

देहायः-

क. सल्लेरी सुभाङ साम्रे पञ्चमी अमरपुर मोटरबाटो,

**निर्णय नं. -३**

तमोर खोला, कावेली खोला र हेवा खोलाबाट दिगोरूपमा ढुङ्गा, गिट्टी, बालुवा र रोडाको वातावरणमैत्री उत्खनन् तथा सङ्कलन गर्ने कार्य सञ्चालनको लागि जेनियल न्युज प्रा.लि. सातदोबाटो, ललितपुरद्धारा तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन(IEE report) लाई स्वीकृत गर्ने तथा तत्काल आवश्यक कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई न्रिर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. -४**

यस गाउँपालिकाको महालेखा परीक्षकको कार्यालय, डोरमुकाम फिदिमद्वारा लेखा परीक्षण ऐन, २०७५ अनुसार आ.व. २०७९/०८० को विनियोजन/राजस्व/धरौटी तथा अन्य कारोबारहरूको आर्थिक विवरण र सो सँग सम्बन्धित कागजपत्रको परीक्षण गरी मिति २०८०।०७।२३ गते लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन दिएको अवस्थामा प्रतिवेदनमा उल्लेख भएको राय, सल्लाह, सुझाव बमोजिम कामको प्रकृति अनुसारको स्वीकृत नर्म्स, मापदण्डको पूर्ण परिपालना गर्ने प्रतिवद्धता जायर गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.- ५**

मिति २०८० साल मङ्सिर २५ गते सोमबार बाला चतुर्दशी व्रत/शतबीज छर्ने दिनको अवसरमा हिलिहाङ गाउँपालिका वडा नं. ५ र ६ को संगमस्थल चतुरे र जोरपोखरीबजार परिसरमा ऐतिहासिक बाला चतुरे मेला लाग्ने भएकोले उक्त १(एक) दिन गाउँपालिका क्षेत्र भित्रको सरकारी तथा गैर सरकारी कार्यालय, वडा कार्यालय, सम्पूर्ण सामुदायिक/संस्थागत विद्यालयहरू तथा अन्य संघ-संस्थाहरूमा १(एक) स्थानीय विदा दिने सर्वसम्मत निर्णय गरियो ।

मिति: २०८०/०८/२० , बैठक संख्या - ०६

**निर्णय नं - ६**

कानून तर्जुमा मस्यौदा समितिको विभिन्न समयमा बसेको बैठकले पारित गरेको तपसिलको कार्यविधिहरूमा छलफल गरी स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिलः-

क. हिलिहाङ गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि २०८०,

ख. ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि २०८०,

ग. पशुपन्छी स्वास्थ्य (खोप) कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०,

घ. लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि २०८०,

**निर्णय नं. ७.**

**विविधः**

क. आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न विनियोजन गरेको रु. ७,००,०००|- (अक्षरेपी सात लाख रुपैयाँ) बजेटलाई सम्पूर्ण वडामा रु.१,००,०००|- (अक्षरेपी एक लाख रुपैयाँ)को दरले विनियोजन गरी प्रत्येक वडाबाट २(दुई) जना कृषक युवा स्वरोजगार विकास/युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम छनौट गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

ख. आ.व. २०८०/०८१ को को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार ५०% लागत साझेदारीमा मागमा आधारित कार्यक्रम सञ्चालन गर्न विनियोजन गरेको रू. १,७५,०००|- (अक्षरेपी एक लाख पचहत्तर रुपैयाँ) बजेटलाई सम्पूर्ण वडामा रु. २५,०००|- (अक्षरेपी पच्चीस हजार रुपैयाँ)को दरले विनियोजन गरी प्रत्येक वडाबाट १(एक) जना कृषकलाई प्रस्तावनाका आधारमा वडा समितिले छनौट गरी कृषि विकास शाखा मार्फत सम्झौता भई कार्यक्रम कार्यान्वयन गर्ने ।

ग. हिलिहाङ गाउँपालिक्रा वडा नं. ७ मा अवस्थित श्री जय भवानी माध्यमिक विद्यालय, टारीमा मिति २०८० साल कार्तिक १५ गतेदेखि कार्तिक २१ गतेसम्म आयोजना गरेको श्रीमद्‌भागवत महापुराण सप्ताह ज्ञानमहायज्ञमा अन्य आर्थिक सहायता शिर्षकबाट रु. ५०,५५५|- (अक्षरेपी पचास हजार पाँच सय पच्पन्न रुपैयाँ) रकम सहयोग गर्ने ।

घ. आ.व. २०८०/०८१ को लागि उपभोक्ता समितिहरूलाई तत्काल नवीकरण गर्न आवश्यक निर्देशन दिने तथा लेखा परीक्षण तथा नवीकरणको लागि पालिकाले आवश्यक सहजीकरण गर्ने ।

ङ. गोपेटारदेखि आगेजुङ गुम्बासम्म जाने मोटरबाटो वर्षातको कारणले अवरूद्ध भई आवातजावतमा समस्या भएकोले सो मोटरबाटो सरसफाई कार्यको लागि डिजेल वापतको १० घण्टाको रकम प्राविधिक मूल्याङ्कन समेतको आधारमा विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने ।

च. अमरपुरदेखि पञ्चमी मोटरबाटो वर्षातको कारणले अवरूद्ध भई आवातजावतमा समस्या भएकोले सो मोटरबाटो सरसफाई कार्यको लागि डिजेल वापतको २४ घण्टाको रकम प्राविधिक मूल्याङ्कन समेतको आधारमा विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने ।

मिति: २०८०/०८/२० , बैठक संख्या - ०६

छ. कावेली करिडोर मोटरबाटो वर्षातको कारणले अवरुद्ध भई आवतजावतमा समस्या भएकोले सो मोटरबाटो सफाईको लागि डिजेल वापतको ६.२५ घण्टाको रकम प्राविधिक मूल्याङ्कन समेतको आधारमा विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने ।

ज. सुम्लिबुङ देखि गाउँसरा जाने मोटरबाटो वर्षातको कारणले अवरुद्ध भई आवतजावतमा समस्या भएकोले सो मोटरबाटो सफाईको लागि डिजेल वापतको १० घण्टाको रकम प्राविधिक मूल्याङ्कन समेतको आधारमा विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने ।

झ. सल्लेरी मादिबुङ कोलबोटे मोटरबाटो र साम्याङ च्युरीबोटे जाने मोटरबाटो वर्षातको कारणले अवरुद्ध भई आवतजावतमा समस्या भएकोले सो मोटरबाटो सफाईको लागि डिजेल वापतको ३० घण्टाको रकम प्राविधिक मूल्याङ्कन समेतको आधारमा विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने ।

ञ. सेरचेप्पा सालघारी सामाङ्घा जाने मोटरबाटो वर्षातको कारणले अवरुद्ध भई आवतजावतमा समस्या भएकोले उक्त मोटरबाटो सफाईको लागि रु. ३,००,०००।- (अक्षरेपी तीन लाख रुपैयाँ) प्राविधिक मूल्याङ्कन समेतको आधारमा विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने ।

ट. ५ नं. वडा कार्यालय, सुभाङको उद्घाटन तथा संविधान दिवसको अवसरमा आयोजित कार्यक्रमको खर्च विविध खर्च शिर्षकबाट रु.१,२०,०००।- र वडा नं. १ को उद्घाटन कार्यक्रमको बाँकी भुक्तानी रु. ४०,०००।- गरी जम्मा रु.१,६०,०००।- (अक्षरेपी एक लाख साठी हजार रुपैया) रकम बिल भरपाईको आधारमा भुक्तानी दिने ।

ठ. चालू आ.व. २०८०/०८१ मा स्थानीय पत्रपत्रिका सूचना छपाई तथा एफ.एम. रेडियो/सूचना सन्देश प्रशारण कार्यक्रम शीर्षकमा विनियोजित रकम रु.७,००,०००।- अवण्डा रकमलाई देहायअनुसार विनियोजन गरी तत् तत् रेडियो एफ.एम.हरुसँग सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

(क) रेडियो मितेरी एफ एम - रु. ७५,०००।-

(ख) रेडियो दिव्यवाणी एफ एम –रु. ५०,०००।-

(ग) रेडियो सुम्हात्लुङ एफ एम – रु. ५०,०००।-

(घ) रेडियो ईगल एफ एम – रु. ५०,०००।-

(ङ) रेडियो बि एस सी एफ एम - रु. ५०,०००।-

(च) रेडियो तमोर एफ एम - रु. ५०,०००।-

(छ) रेडियो आठराई एफ एम – रु. ५०,०००।-

(ज) पानथर मिडिया प्रा.लि. -रु. २५,०००।-

ढ. पाँचथर फुटबल क्लबको आयोजना सञ्चालित "प्रथम अन्तराष्ट्रिय किराँत गोल्डकप फुटबल प्रतियोगिता-२०८०" प्रथम संस्करण मिति २०८० मंसिर ०२ गतेदेखि ०९ गतेसम्म सञ्चालन हुने खेलकुद प्रतियोगिताको लागि आर्थिक सहयोग वापत रु. ३०,०००।- (अक्षरेपी तीस हजार रूपैयाँ) अन्य आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिने ।

मिति: २०८०/०८/२० , बैठक संख्या - ०६

ङ. "हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" बमोजिम विभिन्न मितिमा प्राप्त भएको निवेदन तथा वडाको सिफारिस उपर छलफल गर्दा हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ को मापदण्ड बमोजिम भएका निवेदनहरूमा मापदण्ड बमोजिमको रकम र मापदण्ड बाहेकको अन्य विपन्न परिवारको तपसिलको व्यक्तिहरूलाई आर्थिक सहायता रकम उपलब्ध गराउने ।

| क्र.सं. | नामथर | ठेगाना | रोगको प्रकृति | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री सर्मिला ताम्लिङ | हिलिहाङ -६, पाँचथर | अरिङ्गालको टोकाईबाट मृत्यु | रु.२०,०००।- | मृतकको श्रीमती |
| २. | श्री रोशन योङहाङ | हिलिहाङ-६, पाँचथर | मलद्वार र मुत्रनलीको शल्यक्रिया | रु.१०,०००।- | बिरामीको बुबा |
| ३. | श्री इन्द्रकला लामगादे | हिलिहाङ-७, पाँचथर | आन्द्रामा रोग | रु.१०,०००।- | बिरामीको आमा |
| ४. | श्री हर्क बहादुर स्याङ्बो | हिलिहाङ-७, पाँचथर | देब्रे कुम र पाताको हड्डी भाच्चिएको | रु.१५,०००।- | बिरामीको छोरा |
| ५. | श्री खड्ग बहादुर कामी | हिलिहाङ-४, पाँचथर | दुबै मृगौलामा पथरिया भएको | रु.१०,०००।- | स्वयं |

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत